*Reg. No. 681* *PAN No. 301694067* *SWC Aff. No. 15556*

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क, नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

केन्द्रीय कार्यालय, धनगढी, कैलाली

च.न

मिति : **मिति : २०७७ माघ २८ गते**

## प्रेस विज्ञप्ति

बैतडीको दोगडाकेदार गाउँपालिका-७ चडेपानी घरभै सनातन धर्म माध्यामिक विद्यालय खोचिलेकमा कक्षा १२ मा अध्ययनरत १७ वर्षीया किशोरी भागरथी भट्टको बलात्कारपछि हत्याको खबरले मर्माहित एवं स्तब्ध बनाएको छ । सो अमानवीय अपराधिक विभत्स घट्नाप्रति गंभिर ध्यानाकर्षण भएको छ । सो अमानवीय घट्नाको घोर भर्त्सना गर्न चाहन्छौं ।

घट्ना विवरण अनुसार मिति २०७७ माघ २१ गते विहान घरबाट विद्यालय गएकी भागरथी भट्टसाँझसम्म पनि घर नफर्केपछि खोजी गर्दा २०७७ माघ २२ गते अपरान्ह ४ बजेतिर निजको घर र विद्यालयको बिचमा पर्ने स्थानीय लवलेक सामुदायिक वनको झाडीमा मृत अवस्थामा भेटिएको थियो । प्रहरी र अस्पतालको प्रारम्भिक अनुसन्धानबाट निज किशोरीको बलत्कारपछि हत्या भएको हुनसक्ने बिवरण सार्वजनिक भएको छ ।

यसरी विद्यालयमा अध्ययन गर्न गएकी एउटी किशोरीको दिनदहाडै बिभत्स हत्या हुनुले नागरिकको बाँच्न पाउने अधिकारको गम्भिर हनन् भएको छ । साथै, घट्ना घटेको छैठौं दिनसम्म पनि अपराधीलाई कानुनी दायरामा ल्याउन नसकेको हुनाले यो घट्ना पनि निर्मला पन्तको जस्तै हुन्छ कि भन्ने शंका उत्पन्न भएको छ । त्यसैले यस घटनाको गम्भिरताका अध्ययन अनुसन्धान गरी गरि दोषीलाई कानुनी दायरामा ल्याउन र कानुन अनुसार कडाभन्दा कार्वाही गर्न तथा आम नागरिकको बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न जोडदार माग गर्दछौ । साथै, निज भागरथीको न्यायका लागि हुने सबै आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्दै अन्तिमसम्म आवाज उठाइरहने प्रतिबद्धता व्यक्त गर्दछौं । भागरथी भट्टप्रति हार्दिक श्रद्धान्जली



माहेन ओड
महासचिव

“छुवाछुत बिनाको अर्को नेपाल संभव छ, आउनुहोस् निर्माण गरौं” "Another Nepal Without Untouchability is Possible ! Let us Build It !!"

RDN Nepal Central Office, Dhangadhi, Kailali, Nepal, Tel: 091-520604, Fax: 091-524729
E-mail: rdnnepal@yahoo.com